दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक ४५ | बुटवल | २०८२ माघ २५ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday February 08, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## चुनाव धाँधलीरहित हुन्छ : गृहमन्त्री



बुटवल । गृहमन्त्री ओमप्रकाश अर्यालले आगामी प्रतिनिधिसभा सदस्यको निर्वाचन स्वच्छ, निष्पक्ष र धाँधलीरहित ढङ्गमा देशैभर तोकिएकै मितिमा सम्पन्न हुने बताएका छन् ।

शनिबार आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्यको निर्वाचनको तयारीसम्बन्धी विषयमा नुवाकोट र धादिङ जिल्लाको स्थलगत निरीक्षण अनुगमनको क्रममा मुख्य निर्वाचन अधिकृतको कार्यालयहरू पुग्ने क्रममा उनले सो धारणा राखेका हुन् ।

निरीक्षण अनुगमनको टोलीमा गृह सचिव राजकुमार श्रेष्ठ, सुरक्षा तथा समन्वय महाशाखा प्रमुख आनन्द काफ्ले, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्की र गृहमन्त्री अर्यालको सचिवालय सदस्यहरू सहभागी थिए ।

'चुनाव स्वच्छ, निष्पक्ष र धाँधलीरहित ढङ्गमा गराउन हामी पूर्ण रूपमा प्रतिबद्ध छौँ र त्यो कुरा तपाईंहरूले हाम्रो आचरण र व्यवहारबाट पनि महसुस गरिसक्नु भएको छ र गर्दै पनि जानु हुनेछ ।'- गृहमन्त्री अर्यालले भने ।

उनले चुनावमा अहिले चलिरहेको मिथ्या र भ्रामक सूचनाहरूबाट सचेत भई आ-आफ्नो निर्वाचन तयारीमा लाग्न सम्बद्ध सबै पक्षसँग आग्रहसमेत गरे । गृहमन्त्री अर्यालले आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि भरपर्दो सुरक्षा व्यवस्था मिलाएर जिल्लामा निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सम्बन्धित अधिकारीलाई निर्देशन पनि दिएका छन् ।

निरीक्षणका क्रममा मुख्य निर्वाचन अधिकृत कोमलप्रसाद आचार्यले कार्यालयले हालसम्म गरिएका तयारीबारे टोलीलाई जानकारी गराए ।

## फेरि सिंहदरबार नजल्ने ग्यारेन्टी कांग्रेसले गर्छ : गगन

बुटवल । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले फेरी सिंहदरबार जल्दैन भन्ने कुराको ग्यारेन्टी आफ्नो पार्टीले मात्रै गर्नसक्ने दाबी गरेका छन् ।

शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले भाद्र २३ र २४ को घटनाको चित्रण गर्दै आगामी निर्वाचनपछि सरकारले गोली चलाउने र अर्कोले सिंहदरबार जलाउने काम हुँदैन भन्ने कुराको ग्यारेन्टी नेपाली कांग्रेसले गर्ने जिकिर गरेका हुन् ।

'हामीले मतदातालाई भन्नु पर्छ । एक पटक आँखा चिम्लिएर सोचौँ-फागुन २१ पछि २२ पनि आउँछ । अर्को वर्षको भाद्र २३, २४ पनि आउँछ । अर्को वर्षको भाद्र २३, २४ मा फेरि सरकारले नागरिकलाई गोली चलाउँदैन, फेरि सिंहदरबार जल्दैन भन्ने ग्यारेन्टी कसैले गर्नसक्ने भने त्यो काँग्रेसले मात्रै गर्नसक्छ । यो हामीले जिम्मा लिने हो । हामी गर्छौं ।'- उनले भने ।

सभापति थापाले युवा, बुढापाका सबै नागरिकसँग संवाद गरेर कांग्रेसले निर्वाचन पछि देश विकासको नयाँ अध्याय सुरु गर्ने समेत जिकिर गरे । उनले कांग्रेसले देशलाई सम्हाल्ने कामको नेतृत्व गर्न चाहेको समेत बताए । 'देश सम्हाल्ने काम हाम्रो हो । देशभित्र जुन अविश्वास छ, त्यसलाई बदल्ने काम, एक अर्काप्रतिको जुन अविश्वास छ, त्यसलाई भरोसामा बदल्ने काम हाम्रो हो । नेपाली काँग्रेसले यो बेलामा सबैसँग संवाद गर्छ,' उनले भने-'हामी तन्नेरीसँग संवाद गर्छौं । बुढापाकासँग संवाद गर्छौं । मधेश, पहाड सबैसँग संवाद गर्छौं । देशबाहिर रहेका लाखौं नागरिकसँग पनि संवाद गर्छौं । र सबैलाई फागुन २१ पछि सबैसँग हातेमालो गरेर देश विकासको नयाँ अध्याय सुरु गर्न चाहन्छौं ।'

# पेचिलो बन्दै दाङ-१ को चुनाव

**कांग्रेस, एमाले र माओवादीको भोट बैंक रास्वपाको उदयले खल्बलिएपछि दाङ-१ को चुनाव मुख्य दलका लागि पेचिलो बनेको छ । त्यसैगरी नेकपाबाट टिकट नपाएपछि पूर्व मुख्यमन्त्री कुलप्रसाद केसी बागी उठेपछि मेटमणि चौधरीलाई झट्का लागेको छ ।**

**लुम्बिनी संवाददाता**

*दाङ*



लुम्बिनी प्रदेशको मुकाम राप्ती उपत्यका समेत रहेको दाङ निर्वाचन क्षेत्र नम्बर १ मा आगामी चुनाव पेचिलो बनेको छ ।

२०७९ को चुनावमा कांग्रेससहितको पाँच दलको गठबन्धनका उम्मेदवार नेकपा एकीकृत समाजवादीका मेटमणि चौधरीले विजय हासिल गरेको यो क्षेत्रमा अहिले नेकपाबाट चौधरीसहित, नेकपा एमालेका रेवतीरमण शर्मा, नेपाली कांग्रेसका योगेन्द्र चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट देवराज पाठक, स्वतन्त्र उम्मेदवारी दिएका पूर्व मुख्यमन्त्री कुलप्रसाद केसीसहित १४ चुनावी मैदानमा छन् ।

नेकपाबाट चौधरीले नै टिकट पाएपछि असन्तुष्ट बनेको पूर्व माओवादी समूहले पूर्व मुख्यमन्त्री केसीलाई उम्मेदवार बनाएपछि र राष्ट्रिय स्वतन्त्र पार्टीको उपस्थिति पछि यहाँको चुनाव पेचिलो भएको हो ।

पूर्व मुख्यमन्त्री केसी यो क्षेत्रमा आफूले टिकट पाउनुपर्ने भन्दै लविङ गरेका थिए, तर माधव नेपालले चौधरीको पक्षमा अडान नछाडेपछि केसीले टिकट हात पार्न सकेनन् । पार्टीभित्रै कमजोर रहेका चौधरीलाई बोक्न पूर्व माओवादी पंक्ति तयार नभएपछि केसी अघि सरे, जसले गर्दा नेकपाको भोट बैंक विभाजित हुने देखिन्छ ।

चौधरीले एमालेकी शान्ता चौधरीलाई ५ हजार ८३ मतान्तरले पछि पार्दै निर्वाचित भए । चौधरीले २६ हजार ५ सय ७६ मत प्राप्त गरे भने एमालेकी शान्ता चौधरीले २१ हजार ४ सय ९३ मत ल्याएकी थिइन् । रास्वपाका उम्मेदवार देवराज पाठक उतिबेला पनि उम्मेदवार थिए ।

उनले १३ हजार ७ सय ९८ मत पाएका थिए । २०७४ सालको निर्वाचनमा एमाले र माओवादीबिच गठबन्धन हुँदा मेटमणि चौधरी एमालेबाट उम्मेदवार थिए । उनले कांग्रेसकी सुशीला चौधरीलाई १३ हजार ८ सय ३४ मतान्तरले पछि पार्दै ३७ हजार ९ सय ८ मत पाएका थिए । एमालेबाट उम्मेदवार बनेका रेवतीरमण शर्मा २०७४ को प्रदेश सभा निर्वाचन क्षेत्र १(२) बाट ६ हजार ५ सय ९२ मतान्तरले कांग्रेसका जानकीलाल बस्नेतलाई पछि पार्दै निर्वाचित बनेका थिए ।

निर्वाचन क्षेत्र नं. १ मा अहिले १ लाख ४० हजार एक मतदाता छन् । २०७९ मा १ लाख ३४ हजार ७ सय ३३ मतदाता थिए । अहिले यहाँ ५ हजार २ सय ६८ मतदाता थपिएका छन् । २०७९ मा यो निर्वाचन क्षेत्रको समानुपातिक निर्वाचन प्रणालीअनुसार सबैभन्दा धेरै नेकपा एमालेले मत पाएको देखिन्छ । एमालेले १७ हजार ९ सय ६९, नेपाली कांग्रेसले १५ हजार ६७, नेपाली कम्युनिष्ट पार्टीले ११ हजार ४ सय ५२, रास्वपाले ११ हजार ४ सय १० मत प्राप्त गरेका थिए ।

एमालेका रेवतीरमण शर्मा देउखुरीका स्थापित नेता हुन् । उनी २०७४ सालमा प्रदेशसभा सदस्य निर्वाचित भएका थिए । सरल, शालिन र स्वच्छ छविको पहिचान बनाएका उनले मतदाताको घर-घरमा पुगेर धारणा बुझ्ने प्रयास गर्दैछन् । कांग्रेस उम्मेदवार सह-महामन्त्री चौधरी थारू विजय गच्छदारको फोरम लोकतान्त्रिक हुँदै कांग्रेस प्रवेश गरेका नेता हुन् । उनले कांग्रेसको स्थानीय पंक्तिलाई रिझाउने प्रयास गर्दैछन् । राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार पाठकले अरु उम्मेदवार र दललाई पूराना भन्दै मत मागिरहेका छन् । यो क्षेत्रमा रास्वपाले पाउने मतले नै कांग्रेस एमालेको जित हार निर्धारण गर्ने आँकलन गरिँदैछ ।

त्यसैगरी, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट विनय विसी, नेपाल कम्युनिष्ट पार्टीबाट प्रकाश शाही,राष्ट्रिय जनमोर्चाबाट गणेश आचार्य, मंगोल नेशनल अर्गनाइजेसनबाट खुमबहादुर गाहा मगर, जनता समाजवादी पार्टीबाट भरतलाल चौधरी, नेशनल रिपब्लिक नेपालबाट मिनबहादुर ठेडी मगर, राष्ट्रिय परिवर्तन पार्टीबाट रञ्जित चौधरी, मालिकराम यादव, आम जनता पार्टीबाट सीताराम यादव चुनावी मैदानमा छन् ।

**विगतका धेरै निर्वाचन कांग्रेसले जित्दै आएको क्षेत्र**

यो क्षेत्रमा कांग्रेसले उम्मेदवार बनाएका ६ निर्वाचनमध्ये चार निर्वाचनमा जित हात पारेको छ । थारु समुदायको बाहुल्य यो क्षेत्रमा कांग्रेसले २०४८, २०५१, २०५६ र २०७० का निर्वाचनमा जितेको छ ।

२०४८ को निर्वाचनमा कांग्रेस उम्मेदवार हरिप्रसाद चौधरीले जित्दा एमाले उम्मेदवार अशोककुमार चौधरी निकटतम प्रतिस्पर्धी भए । २०५१ मा पनि हरिप्रसादले नै जित्दा राष्ट्रिय प्रजातन्त्र पार्टीका परशुनारायण चौधरी निकटतम प्रतिद्वन्द्वी भए । २०५६ मा कांग्रेसबाट खुमबहादुर खड्काले जित्दा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट उम्मेदवार बनेका परशुनारायण चौधरी निकटतम प्रतिद्वन्द्वी भए ।

तत्कालीन माओवादी १० वर्षे सशस्त्र द्वन्द्व अन्त्य गरी संसदीय राजनीतिमा प्रवेश गएपछि २०६४ मा भएको पहिलो संविधानसभा निर्वाचनमा माओवादी उम्मेदवार इन्द्रजित थारु विजयी भए । निकटतम प्रतिद्वन्द्वी कांग्रेस उम्मेदवार खड्का भए ।

२०७० सालमा भएको दोस्रो संविधानसभा निर्वाचनमा कांग्रेस उम्मेदवार पार्वती डिसी चौधरीले निर्वाचन जित्दा एमालेका उम्मेदवार रेवतीरमण शर्मा घिमिरे निकटतम प्रतिद्वन्द्वी भए । दोस्रो संविधानसभाले २०७२ मा संविधान जारी गर्यो । त्यसपछि पाँच निर्वाचन क्षेत्र रहेको दाङमा निर्वाचन क्षेत्र घटेर तीनवटामा झरे । त्यसपछि २०७४ मा भएको प्रतिनिधिसभा निर्वाचनमा नेकपा एमाले र तत्कालीन नेकपा माओवादी केन्द्रबिच गठबन्धन भयो । त्यो गठबन्धनबाट एमाले नेता मेटमणि चौधरी र कांग्रेस उम्मेदवार सुशीला चौधरीबिच प्रतिस्पर्धा भयो । मेटमणिले जित्दा सुशीला निकटतम प्रतिद्वन्द्वी भइन् ।

२०७९ मा भएको निर्वाचनमा कांग्रेस, तत्कालीन माओवादी केन्द्र र एकीकृत समाजवादीबिच गठबन्धन भयो । त्यो क्षेत्र एकीकृत समाजवादीको भागमा पऱ्यो । गठबन्धनबाट उम्मेदवार बनेका मेटमणि चौधरीले जिते ।

**यस्ता छन् एजेण्डा**

प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिएका उम्मेदवारले नीतिमा सुधार गर्दै देउखुरीको साझा, समग्र र सन्तुलित विकासको एजेण्डा मुख्य रुपमा अघि सारेका छन् । यद्यपी लिखित प्रतिबद्धताहरु अझैं सार्वजनिक नभए पनि सञ्चारकर्मीहरुसँगको कुराकानीको क्रममा नेपाली कांग्रेसका उम्मेदवार योगेन्द्र चौधरीले राजनीतिक स्थिरता कायम गर्दै देउखुरीको समग्र विकासलाई मुख्य एजेण्डा बनाउने सुनाए । नेकपा एमालेका उम्मेदवार रेवतीरमण शर्माले नीति निर्माणलाई प्राथमिकता दिँदै सन्तुलित विकासको एजेण्डा प्रमुख रुपमा अघि बढाउने जनाए ।

नेपाली कम्यूनिष्ट पार्टीका उम्मेदवार मेटमणी चौधरीले देउखुरीको राप्ती नदी तटबन्ध, सडक पूर्वाधार र सिँचाइ क्षेत्रमा सुधार गर्ने एजेण्डा अघि सारे । रास्वपाका उम्मेदवार देवराज पाठकले नीति निर्माण गर्दै त्यसलाई सही कार्यान्वयन, देउखुरीको चौतर्फी विकासलाई एजेण्डालाई अघि सारे । राप्रपाका विनय विसीले राजसंस्थाको पुनःस्थापनाको बिषय नै आफ्नो एजेण्डा रहेको सुनाए । स्वतन्त्र उम्मेदवारी दिएका कुलप्रसाद केसीले प्रदेशको राजधानीसँग आफ्नो विकास मोडेललाई जोडे । नेकपा माओवादीका उम्मेदवार प्रकाश शाहीले ३० वर्षसम्म राम्रोसँग काम हुन नसकेको, अब त्यसलाई सुधार्न युवा नेतृत्व आवश्यक रहेको, सुधारका योजनाहरु नै आफ्ना एजेण्डा भएको सुनाए ।

# रास्वपा रूपन्देही १ का उम्मेदवार लम्साल पत्रकारका प्रश्नमा देखिए फितलो र कमजोर



**भगवती पाण्डे**

*बुटवल*

रूपन्देही शनिबार बिहानैदेखि बाक्लो हुस्सु र शीतलहरले ढाकिएको थियो । हुस्सु र शीतलहरको प्रतिकूल मौसमकाबिच रुपन्देहीका क्रियाशील पत्रकारहरू भने बिहान आठ बजे नै मङ्गलापुरको बोधी भिल्लामा उपस्थित भएका थिए ।

कार्यक्रम थियो, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट रुपन्देही क्षेत्र नं. १ का उम्मेदवार सुनिल लम्सालको पत्रकार भेटघाट ।

वैकल्पिक भनिएको नयाँ पार्टी, त्यसमा पनि काठमाडौं महानगरपालिकाका मेयर बनिसकेका बालेन साहको सचिवालयमा सल्लाहकार रहेर काम गरिसकेका भनिएका हाई-प्रोफाइल उम्मेदवार ।

पत्रकारहरूमा विश्वास थियो, नयाँ भनिएको राजनीतिक दलका उम्मेदवारले भिन्न, स्पष्ट र जनमुखी एजेन्डासहित पत्रकार भेटघाट आयोजना गरेका छन् र आफूहरूका जिज्ञाषा प्रश्नहरूको सहज रूपमा जवाफ दिने छन् ।

सानो हलमा कार्यक्रम सुरु हुन लागेपछि पत्रकारहरूले भिडियो क्यामेरा र रेकर्डरहरू तयार गर्छन् ।

पत्रकार भेटघाटका लागि तयार भएर बसेका लम्साललले आफू क्यामेरा र रेकर्डरमा नबोल्ने भन्दै अफ द रेकर्ड (अभिलेख नगरिने गरी) छलफल गने प्रस्ताव गर्छन् ।

आफैँले पत्रकार बोलाउने र आफैँ क्यामेरामा नबोल्ने गरि राखेको लम्सालको प्रस्तावलाई पत्रकारहरूले अस्वीकार गर्छन् ।

निर्वाचनको मुखमा जनताको मत माग्न हिँडेका उम्मेदवारले आफ्ना योजनाहरू जनतासम्म पुऱ्याउनुपर्नेमा अफ द रेकर्डमा बोल्ने भनेपछि पत्रकारहरू पनि अचम्मित पर्छन् । पत्रकार भेटघाट अफ द रेकर्ड हुँदैन भनेपछि उनी क्यामेरा सामु बोल्न त तयार भए, तर उनको आत्मविश्वास निकै कमजोर देखिन्थ्यो ।

रास्वपाले सुनिल लम्साललाई एउटा बौद्धिक र अनुभवी उम्मेदवारका रूपमा प्रस्तुत गरिरहेको छ । उनी स्वयं पनि आफूलाई बालेन साहको सचिवालयमा बसेर काम गरेको अनुभव भएको व्यक्ति भन्न रुचाउँछन् । तर, जब पत्रकारका प्रश्नहरू तेर्सिन सुरु गरे उनको प्रोफाइल फिक्का देखिन थाल्यो ।

पत्रकारहरूका प्रश्न थिए-'तपाईंको उम्मेदवारी किन, ? रुपन्देही १ को समृद्धिका लागि तपाईंका ठोस योजना के छन् ?

जवाफमा लम्सालले भने, 'यहाँ शिक्षा, स्वास्थ्य र कृषिमा समस्या छ, म ती समस्या समाधान गर्छु, तर उनले ती समस्याहरू कसरी समाधान गर्न सकिन्छ भन्ने कुनै भिजन सहितको जवाफ दिएनन् ।

उनले दिएका जवाफहरू र निर्वाचनका लागि अगाडी सार्ने एजेन्डाहरू कुनै नयाँ नभई दशकौँदेखि नेपाली राजनीतिमा सुनिँदै आएका घोकन्ते र अमूर्त कुराहरू नै थिए । उनले बारम्बार एउटै कुरा दोहोऱ्याइरहे-'म बालेन साहको सचिवालयमा बसेको मान्छे हुँ, पार्टीले त्यही भएर मलाई उम्मेदवार बनाएर पठाएको हो ।

राजनीतिमा सुशासनको नारा लगाउन सजिलो छ, तर व्यवहारमा उतार्न भने कठिन छ । रास्वपाका महामन्त्री समेत रहेका लम्सालप्रति पार्टीको नीति र वरिष्ठ नेता बालेन साहको बारेमा पनि पत्रकारहरूको प्रश्न सोझियो ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# मूल्यवृद्धि नियन्त्रण गर

चुनाव नजिकिँदै गएपछि दैनिक उपभोग्य वस्तुको मूल्यमा एकाएक वृद्धि गर्न थालिएको छ । कतिपय वस्तुको अभाव देखाएर बजारलाई प्रभावित पार्न थालिएको छ । चुनावको मुखमा बजारमा व्यापारीको मनपरी बढ्न थालेपछि सरकारले निगरानी बढाउन आवश्यक छ । बजारमा वस्तुको आयात र वितरण सीमित ठूला व्यापारीको हातमा रहेकोले उनीहरुकै मनोमानी नियन्त्रण गर्न सरकारको पहलकदमीले मात्रै सम्भव छ ।

केही दिनअघि बजारमा ग्यासको कृत्रिम अभाव श्रृजना भयो । उपभोक्ता खाना पकाउने ग्यासको अभावले पर्ने समस्याले त्रसित भए । खाना पकाउने ग्यासको स्टक गर्न थाले । अनि सरकारी निकायले खाना पकाउने ग्यास पर्याप्त भएको भन्दै विज्ञप्ति निकालेर परिस्थितिलाई सम्हाल्ने प्रयास गऱ्यो । त्यसपछि खानेतेलको मूल्यवृद्धि भएको छ । एक लिटर तेलमै ८० रुपैयाँसम्म मूल्यवृद्धि हुनु स्वभाविक होइन । त्यसैगरी, चामलको पनि मूल्यवृद्धि भएको छ । चामलको मूल्यवृद्धि हुने समय नै नभएका बेला व्यापारीले एकाएक वृद्धि गर्न अपराधिक काम हो । बजारमा व्यापारीको मनपरी नियन्त्रण गर्न सरकारी निकायको निगरानी आवश्यक छ । सरकारी निकायसँगको मिलेमतोमा समेत व्यापारीले काम गर्ने भएकाले उपभोक्ता हित संरक्षण मञ्च जस्ता संस्थाको प्रभावकारी उपस्थिति उत्तिकै आवश्यक छ ।

हरेक १५ दिनमा परिवर्तन हुने नेपाल खुद्रा व्यापार संघको मूल्यसूचीले चामल र तेलको मूल्य बढेको देखाउँछ । संघले हरेक १५ दिनमा एक पटक मूल्यसूची अद्यावधिक गर्दै आएको छ । संघको वेबसाइटमा सार्वजनिक मूल्यसूचीमा त्रिशूली पोखरेली चामल प्रतिकिलो ७५ रुपैयाँ थियो, अहिले प्रतिकिलो ९० रुपैयाँ पुगेको छ । भुटेको तोरीको तेल प्रतिलिटर २ सय ७० रहेकामा अहिले ३ सय ५० रुपैयाँ पुगेको संघको मूल्यसूचीमा उल्लेख छ । भटमास तेल प्रतिलिटर १ सय १५ रुपैयाँ रहेकामा अहिले २ सय २० रुपैयाँ र सनफ्लावर तेल लिटरको १ सय ४० रुपैयाँ रहेकामा २४० रुपैयाँ पुगेको छ । सरकारले मूल्यवृद्धि नियन्त्रण गर्न सक्रियता नदेखाएको भन्दै टिप्पणी भएका बेला वाणिज्य तथा उपभोक्ता संरक्षण विभागले मूल्य समायोजन गर्न निर्देशन दिएको छ ।

उपभोक्ता संरक्षण ऐन, २०७५ र उपभोक्ता संरक्षण नियमावली, २०७६ ल्याएर राज्यले उपभोक्ता अधिकारलाई ग्यारेण्टी गरेको छ । ऐन नियमावलीमा भएको कुरालाई व्यवहारमा स्थापित गर्ने कामलाई प्राथमिकता दिनुपर्छ । उपभोक्तालाई अत्यावश्यक तथा दैनिक उपभोग्य वस्तुका उत्पादक, बिक्रेता, पैठारीकर्ता, सञ्चयकर्ता र सेवाप्रदायक फर्म एवं प्रतिष्ठानमा निरन्तर रूपमा अन्य सक्षम निकायको समेत सहयोग लिई संयुक्त अनुगमन गरी बजारलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्तामैत्री बनाउने काम गर्न सरकारले उपभोक्ता हित संरक्षण विभाग खडा गरेको छ । यो विभागको सक्रियताले नै बजारलाई लयमा हिंडाउन सक्छ । कानुनविपरीतका कार्य गर्ने केही फर्मलाई कानुनबमोजिम दण्ड जरिवानासमेत गर्ने व्यवस्था भएकाले कानुनको सही कार्यान्वयनमा जोड दिनुपर्छ ।

चुनाव लोकतान्त्रिक व्यवस्थामा नियमित काम हो । यो बेला सरकारी संयन्त्रको ध्यान चुनावलाई शान्तिपूर्ण र निष्पक्ष ढंगले सम्पन्न गराउनतिर जान्छ । सरकारी संयन्त्रको ध्यान चुनावतिर लागेको बेला प्रभावकारी काम गर्न नसकिरहेको मौका छोपेर हुने अवाञ्छित क्रियाकलाप तत्काल बन्द हुनुपर्छ । यो बेला अवाञ्छित क्रियाकलाप गर्ने जो कोही व्यवसायीमाथि कानुनको प्रयोग गरी बजारलाई लयमा हिडाउनुपर्छ ।

# परीक्षामा प्रश्नको उत्तर व्यवस्थापन



भोला शर्मा



अहिले जुनसुकै क्षेत्र प्रतिस्पर्धायुक्त छ । त्यसमा पनि लोकसेवा आयोगद्वारा लिइने विभिन्न प्रतियोगितात्मक परीक्षामा त प्रतिभाशाली नवयुवाको झन् बढी प्रतिस्पर्धा छ । उक्त प्रतिस्पर्धामा अब्बल र सफल ठहरिन पढेर मात्र हुँदैन । पढेको कुरा स्मरण गरेर निर्धारित समय सीमाको परीक्षामा राम्ररी प्रस्तुत गर्न सक्नु पर्छ । लेखाइ भनेको अक्षरहरूको पुञ्ज मात्र होइन ज्ञान, तर्क र सिलसिलाको प्रस्तुति पनि हो । लेखाइको शैली र ढाँचाबाट नै उत्तरपुञ्जिका आकर्षक बनाउन सकिन्छ । परीक्षामा प्रायः वस्तुगत र विषयगत प्रश्न सोधिन्छ । वस्तुगत प्रश्नको जवाफमा स्मरणात्मक शैलीले काम गर्छ भने विषयगत प्रश्नमा स्मरणात्मक शैलीका अतिरिक्त प्रस्तुतिकरण शैलीले काम गर्छ ।

प्रतियोगितात्मक परीक्षामा अरूलाई पछि पार्दै कसरी सफलता हात पार्ने भन्ने ध्येय सबै परीक्षार्थीको हुन्छ र हुनु पनि स्वाभाविक हो । त्यसका लागि प्रतियोगीले निर्दिष्ट प्रश्नको प्रभावकारी उत्तर व्यवस्थापन गर्ने सीप, शैली एवं कला प्रदर्शन गर्न जरुरी हुन्छ । उत्तर लेखन शैली पद वा तहअनुसार स्तर स्तरको हुन्छ । सामान्यतः सहायकस्तरका पदमा सूचनामूलक उत्तरको अपेक्षा गरिन्छ भने अधिकृतस्तरका पदमा तार्किक शैलीयुक्त उत्तरको अपेक्षा गरिन्छ । जेहोस् जुनसुकै परीक्षामा प्रश्नको उत्तर व्यवस्थापन गर्नु नै सफलताको निर्णायक मोड हो । यस आलेखमा पनि लोकसेवा आयोगद्वारा लिइने परीक्षा प्रणालीमा सोधिएका विषयगत प्रश्नको सीमित समयभित्र कसरी प्रभावकारी ढङ्गले उत्तर व्यवस्थापन गर्न सकिन्छ भन्ने कुराको प्रतियोगीलाई सन्देशमूलक सूचना प्रवाह गर्ने जमर्को गरिएको छ ।

सर्वप्रथम परीक्षामा सामेल हुँदा केही प्राविधिक व्यवस्थापनको पक्षलाई ख्याल गर्नु पर्छ । जस्तै : प्रवेश पत्र, कालो मसी भएको कलम, स्केल, साधारण घडी (स्मार्ट घडी होइन) आदि आवश्यक सामग्री नछुटाई परीक्षा केन्द्रमा समयमै पुग्नु अपरिहार्य छ । त्यसैगरी परीक्षाका दिन स्वस्थ्य तनावरहित हुनु, उत्तरपुस्तिकाको चारैतिर मार्जिन राखेर फोल्ड गर्नु, उत्तरपुस्तिकामा आफ्नो सम्पूर्ण विवरण शुद्धसँग फरक नपर्ने गरी भर्नु, केरमेट नगरी अक्षर सफा र स्पष्ट लेख्नु आदि परीक्षामा अब्बल वातावरण सिर्जना गर्ने आधारभूत पूर्वसर्त हुन् । प्रश्नपत्र बाँड्ने घण्टी लागेपछि सर्वप्रथम प्रतियोगीले प्रश्नलाई ध्यानपूर्वक अध्ययन गर्नु नै उत्तर व्यवस्थापनको सुरुवात हो । हतारमा प्रश्न पढ्दा प्रश्नले के मागेको हो र त्यसमा के लेख्ने हो भन्ने कुरा बिच दुरी पैदा हुन्छ । त्यसैले प्रश्नपत्रमा सोधिएका हरेक प्रश्नलाई ध्यानपूर्वक अध्ययन गरी प्रश्नले मागेको कुरा छर्लङ्ग बुझ्नु पर्छ र सबैभन्दा बढी जानेको प्रश्नको उत्तर लेख्न सुरु गर्नु पर्छ । धेरै जानेको उत्तर पहिला लेख्दा उत्तर लेख्ने क्रममा आत्मविश्वास वृद्धि हुँदै र त्रास कम हुँदै जान्छ ।

**उत्तर लेख्ने तौरतरिका**

प्रश्नमा प्रयोग भएका शब्द सही ढङ्गले बुझ्न सकियो भने मात्र अपेक्षित उत्तर लेख्न सकिन्छ । कहिलेकाहीँ एउटै शब्दको सन्दर्भ अनुसार फरक अर्थ पनि लाग्न सक्छ । त्यसैले प्रश्नको विषय वस्तु र सन्दर्भ अनुरूप शब्दको अर्थ यकिन गरेर सोहीबमोजिमको उत्तर लेख्नु आवश्यक हुन्छ । उल्लेख गर्नुहोस् र प्रकाश पार्नुहोस् भनेको खण्डमा सरासर सही उत्तर स्पष्टसँग लेख्ने, व्याख्या गर्नुहोस् र वर्णन गर्नुहोस् भनेको प्रश्नमा विषयवस्तुको बयान गरेर विस्तृत रूपमा लेख्ने गर्नु पर्छ ।

यस्ता प्रश्नमा तार्किक प्रस्तुतीकरण जरुरी पर्दैन । त्यसैगरी विश्लेषण गर्नुहोस्, समीक्षा गर्नुहोस्, मूल्याङ्कन गर्नुहोस्, आलोचनात्मक टिप्पणी गर्नुहोस् भनिएको प्रश्नमा विषयवस्तुको विद्यमान अवस्थाबारे संक्षेपमा उल्लेख गरी त्यसका सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौतीलाई समेटेर तर्कपूर्ण उत्तर लेख्नु पर्छ । पुष्टि गर्नुहोस् भनेको प्रश्नमा आफ्नो मौलिक वा फरक धारणा नराखी प्रश्नले गरेको दाबीलाई तर्क, तथ्य, तथ्याङ्क र उदाहरण प्रस्तुत गरी सही भएको प्रमाणित गर्नु पर्छ । यो कुनै दाबी वा भनाइलाई पुष्टि गर्ने क्षमता परीक्षार्थीमा कत्तिको छ भनी जाँच गर्ने प्रश्न हो । कुनै दुई विषयबिच तुलना वा फरक छुट्ट्याउनुहोस् भनेको प्रश्नमा फर्म्याट बनाएर उत्तर लेख्नु पर्छ । सिंहावलोकन गर्नुहोस् भनेको प्रश्नमा अवधारणा, विषय वस्तु वा विचारको विकासक्रमलाई आलोचनात्मक ढङ्गले कालक्रमिक रूपमा सिलसिलेवार तवरले प्रस्तुत गर्नु पर्छ । यस्तो प्रश्न समय व्यवस्थापनका दृष्टिले चनौतीपूर्ण हुने हुँदा संक्षेपमा प्रस्तुत गर्नु पर्छ । आफ्नो धारणा प्रस्तुत गर्नुहोस् वा तर्क प्रस्तुत गर्नुहोस् भनिएकोमा आफूलाई लागेको विचार वस्तुगत र तटस्थ रूपमा लेख्नु पर्छ । यसमा आवश्यकता अनुसार आलोचनात्मक लेखेर उदाहरण, तथ्याङ्क र तर्कपूर्ण व्याख्याद्वारा जवाफलाई बढी वजनदार बनाउन सकिन्छ । समस्या र चुनौती सोधेको प्रश्नमा विश्वव्यापी, राजनीतिक, आर्थिक, सामाजिक, व्यवस्थापकीय, विकासात्मक, नैतिक आदि समस्या र चुनौती प्रस्तुत गर्न सकिन्छ । यसरी प्रश्नमा प्रयोग गरिएका शब्दले उत्तरको स्वरूप निर्धारण गर्ने भएकाले यी शब्द नबुझी लेखिएको उत्तर गलत हुन सक्छ र सही भए पनि अपूरो ठहरिन सक्छ । तसर्थ उत्तर लेखनमा प्रतियोगीले विशेष ध्यान पुऱ्याउन जरुरी छ ।

लोकसेवा आयोगको परीक्षामा उत्तर लेख्दा उचित फर्म्याटका साथ सिलसिलेवार प्रस्तुति पनि हुनु पर्छ । छोटो प्रश्नको उत्तर लेख्दा प्रश्नले जे मागेको छ सरासर त्यही मागेको कुरालाई आकर्षक ढङ्गले लेख्नु पर्छ । यसमा विषय प्रवेश एवं सुरुवात र निष्कर्ष लेख्न समय पर्याप्त हुँदैन । एउटा लामो प्रश्नको परिपक्व उत्तरमा सामान्यतया परिचय, मुख्य भाग र निष्कर्ष हुन्छ । यहाँ लामो प्रश्न भन्नाले १० अङ्कभार वा सोभन्दा बढी अङ्कभारको प्रश्नलाई इङ्गित गर्छ । यस्ता प्रश्नमा परिचय वा भूमिका वा विषयको सुरुवात सोधे पनि नसोधे पनि लेख्नु पर्छ । सोधेमा अलि धेरै र नसोधेमा अलि थोरै लेख्नु पर्छ । त्यसपछि प्रश्नले जे सोधेको छ, त्यो खण्डमा प्रवेश गर्नु पर्छ । प्रश्नले सोधेका खण्डमा उत्तर प्रस्तुत गर्दा प्रश्नको मर्मबमोजिम बुँदागत वा अनुच्छेदयुक्त उत्तर प्रस्तुत गर्न सकिन्छ । उदाहरणका लागि प्रायः महत्व, फाइदा, आवश्यकता, कारण, सबल पक्ष, दुर्बल पक्ष, समस्या, चुनौती, समस्या समाधानका उपाय सोधेको खण्डमा बुँदागत प्रस्तुति प्रभावकारी मानिन्छ । त्यसैगरी परिचय, परिभाषा, अवधारणा, विकासक्रम, व्याख्या, सिंहावलोकन, व्यवस्था, अवस्था आदि सोधेको खण्डमा साधारणतया अनुच्छेदयुक्त प्रस्तुति प्रभावकारी मानिन्छ । यद्यपि यो सबै अवस्थामा नभई प्रायः अवस्थामा हो भनेर बुझ्नुपर्ने हुन्छ । अवश्यकता बोध भएमा शीर्षक र उपशीर्षक दिएमा उत्तर अझ स्पष्ट, प्रभावकारी र परीक्षकमैत्री बन्छ । प्रश्न भित्र धेरै उपप्रश्न हुने भएकाले यसो गर्दा उपप्रश्न छुट्ने सम्भावना रहँदैन र परीक्षकलाई पनि खुसी पार्न सकिन्छ ।

**समय व्यवस्थापन र भाषिक शुद्धता**

उत्तर लेख्दा समय व्यवस्थापन उत्तिकै महत्वपूर्ण हुन्छ । सबै प्रश्नलाई समान समय नदिँदा कतिपय प्रश्नमा आवश्यकताभन्दा बढी सूचना भण्डार हुन पुग्छ भने कतिपय प्रश्नमा उत्तर अपुरो रहने सम्भावना हुन्छ । थोरै प्रश्नलाई धेरै लेख्नुभन्दा सबै प्रश्नलाई सन्तुलित रूपमा उत्तर दिनु अङ्कका हिसाबले फाइदाजनक हुन्छ । तथापि कहिलेकाहीँ कुनै प्रश्नको उत्तर थोरै जानेको वा कुनै प्रश्नको उत्तर धेरै जानेको पनि हुन सक्छ । त्यस्तो परिस्थितिमा थोरै जानेको विषयलाई तन्काएर लेख्न सक्ने र धेरै जानेको विषयलाई खुम्च्याएर लेख्न सक्ने कलाको अभ्यास गर्नु पर्छ ।

परीक्षमा अङ्ग्रेजी वा नेपाली जुनसुकै भाषा प्रयोग गरे पनि भाषागत शुद्धता, सरलता र स्पष्टता महत्वपूर्ण सवाल हो । उत्तरमा भन्न खोजेको कुरा स्पष्ट रूपमा झल्काउनु पर्छ । वाक्यहरू सकेसम्म छोटा र एकपछि अर्को सिलसिलेबार हुनु पर्छ । दोहोरो अर्थ लाग्ने शब्दको प्रयोग गर्नु हुँदैन । जटिल शब्द प्रयोग गरेर ज्ञान देखाउनेभन्दा सरल, सटिक र विषय केन्द्रित भाषा प्रयोग गर्दा उत्तर आकर्षक बन्छ । हरेक लामो प्रश्नमा विषयको संक्षिप्त सुरुवात र अन्त्यमा सकारात्मकता झल्कने छोटो निष्कर्षबाहेक अनावश्यक भूमिका, घुमाउँरो व्याख्या र विषववस्तुभन्दा बाहिरका कुरा लेख्नु उत्तर व्यवस्थापनका कमजोरी हुन् । त्यसैगरी लेखेको उत्तरका वाक्य एकपछि अर्को बग्दै जानु पर्छ, न कि एउटै कुराको वरिपरि वाक्यहरू घुमी राख्नु हुँदैन । उत्तरपुस्तिकामा परीक्षकलाई मोहित पार्ने खालको चलाखीपूर्ण उत्तर लेख्नु पर्छ, न कि प्रदूषित उत्तर लेखेर आफ्नो कमजोरी देखाउनु हुँदैन । तसर्थ अरूको भन्दा फरक ढङ्गले उत्तर लेख्नतर्फ परीक्षार्थी सदैव क्रियाशील रहन आवश्यक छ ।

**आधिकारिक तथ्य तथा तथ्यांक**

त्यसैगरी प्रस्तुत गरिएको उत्तरमा सकेसम्म आधिकारिक तथ्याङ्क, उदाहरण, नारा, शास्त्रका महावाणी, विद्वानका भनाइ, सूत्र, चित्र र जार्गनको प्रयोग गर्दा उत्तर आकर्षक मानिन्छ । कतिपय प्रश्नमा तथ्याङ्क प्रश्नले नै खोजेको हुन्छ । त्यस्ता प्रश्नमा अनिवार्य रूपमा तथ्याङ्कको प्रयोग गर्नु पर्छ । जस्तै : नेपालमा जनसंख्या वृद्धिको अवस्था उल्लेख गर्दै वर्तमान जनसंख्याको सारभूत विश्लेषण गर्नुहोस् भन्ने प्रश्नमा पहिलो जनगणनादेखि जनसंख्या वृद्धिको अवस्था तथ्याङ्कसहित झल्काउनु पर्छ र अहिलेको जनसंख्याको आकार, वृद्धि, विविधतालगायत विषय झल्काउनु पर्छ । त्यसैगरी नेपालमा भ्रष्टाचार बढ्दै गएको छ भन्ने विषयमा तपाईंको धारणा प्रस्तुत गर्दै भ्रष्टाचारको वर्तमान अवस्था र भविष्यमा गर्नुपर्ने सुधारबारे प्रकाश पार्नुहोस् भन्ने प्रश्नको उत्तरमा भ्रष्टाचारसम्बन्धी ट्रान्सपरेन्सी इन्टरनेसनललगायतबाट प्रकाशित विगतदेखि वर्तमानसम्मका तथ्याङ्क प्रस्तुत गर्नु अनिवार्य मानिन्छ ।

उत्तर लेखनमा विषयसँग सम्बन्धित संविधान, ऐन, नियम, नीति, चालु योजना, बजेट अनि समसामयिक सन्दर्भका सवाललाई जोडेर लेख्दा अत्यन्त प्रभावकारी हुन्छ । उत्तरमा सिद्धान्त छाँटेर ज्ञानको भण्डार भर्नुभन्दा अङ्कभार अनुसार सीमित समयभित्र आफूले जानेको होइन, प्रश्नले मागेको कुरा मौलिक, तार्किक, विश्लेषणात्मक र सिर्जनात्मक ढङ्गले प्रस्तुत गर्नु विवेकपूर्ण मानिन्छ । लोक सेवा आयोगको परीक्षा ज्ञानको परीक्षा मात्र नभएर प्रश्न बुझेर उत्तरलाई सन्तुलित, सुस्पष्ट र अनुशासित रूपमा प्रकट गर्ने कलाको परीक्षा पनि हो । धेरै तयारी गरेको भए पनि प्रश्नको मनसाय नबुझी लेखिएको उत्तर प्रभावकारी हुँदैन ।

प्रश्नमा प्रयोग भएका शब्दको अर्थ बुझेर निर्धारित समयको सही सदुपयोग गर्दै सरल भाषामा संरचनागत उत्तर लेख्ने अभ्यास गर्नु पर्छ । त्यसैगरी अहिलेको प्रतिस्पर्धी परीक्षा प्रणालीमा उत्तरको अनावश्यक लम्बाइभन्दा सटिक, जटिल शब्दभन्दा सरल र भावनाभन्दा यथार्थ र तथ्यपरक उत्तर प्रस्तुत गर्नु पर्छ । अन्त्यमा परीक्षा सकिनुअघि केही समय छुट्ट्याएर लेखिएका उत्तर पुनः जाँच गरी भाषा, तथ्य र प्रस्तुतिकरणमा कुनै त्रुटि भएमा सच्याउँदै उत्तरलाई अझ आकर्षक र उत्कृष्ट बनाउन सकिन्छ । यस प्रकारको उत्तर व्यवस्थापन शैलीले लोकसेवा आयोगका परीक्षार्थीको सपनालाई सफलतामा रूपान्तरण गर्ने आशा एवं विश्वास गर्न सकिन्छ । गोपबाट

# किन लगाउने पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप ?

भोजराज पोखेल

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पाठेघरको मुखको क्यान्सरविरुद्धको एच.पि.भी. खोप देशैभरी एकै साथ अभियानको रुपमा यही माघ २५ गते देखि फागुन १५ गतेसम्म सञ्चालन गर्न लागेको छ । लुम्बिनी प्रदेशमा भने माघ २५ देखि फागुन ४ गतेसम्म सञ्चालन हुँदैछ ।

स्वास्थ्य मन्त्रालय र स्वास्थ्य सेवा विभागअन्तर्गत रहेका सम्पूर्ण खोप कार्यक्रम सञ्चालन भएका सूचीकृत स्वास्थ्य संस्थाहरुबाट कक्षा ६ देखिकक्षा १० सम्म अध्यायन अध्यापन हुने विद्यालयलाई खोप केन्द्रको रुपमा स्थापना गरी निःशुल्क रुपमा राष्ट्रिय खोप अभियान सञ्चालन हुँदैछ ।

महिलाहरुमा हुने पाठेघरको क्यान्सर जस्तो घातक रोगबाट भविष्यका कर्णधारको रुपमा रहेका बालिकाहरुलाई पूर्ण रुपमा बचाउनका लागि हरेक बाबा आमा दाजुभाई दिदिबहिनी र सम्पूर्ण स्वास्थ्यका सरोकारवालाहरुको महत्वपूर्ण भूमिका हुन्छ ।

भनिन्छ "रोग लाग्नुभन्दा रोगको बाटो छेक्नु नै बेस" ठिक त्यसैको उपजलाई मानेर यो कार्यलाई निकै महत्वको साथ हेरिएको छ । त्यसैले हरेक स्वास्थ्य संस्थाहरुबाट सञ्चालित यो महत्वपूर्ण कार्यक्रमलाई निकै संवेदनशील र अनिवार्य प्रयोगमा ल्याउनुपर्ने कार्यक्रमको रुपमा हेरिएको छ । एच.पि.भी. खोप अभियान २०८२ माघ २५ गते देखि फागुन १५ गते सम्मको अभियानमा सबै सरोकारवालाहरु सहभागी भई सफल बनाउनु हामी सबैको दायित्व र कर्तव्य हुनेछ ।

एच.पि.भी. एक प्रकारको भाइरस हो । यसलाई ह्युमन प्यापिलोमा भाइरस भनिन्छ । पाठेघरको मुखको क्यान्सरको प्रमुख कारक तत्व यही एच.पि.भी. हो । यो भाइरसको २ सयभन्दा बढी किसिमका प्रजातिहरु हुन्छन् । ती मध्ये १२ वटा प्रजाति पाठेघरको मुखको क्यान्सर गराउने कारक तत्व मानिन्छ । यसमध्ये पनि प्रजाति १६ र प्रजाति १८ प्रमुख कारण हुन भन्ने कुरा विभिन्न अध्ययनहरुले देखाएको छ ।



नेपालमा ८० प्रतिशत पाठेघरको मुखको क्यान्सर यी २ प्रजातिबाट भएको पाइन्छ । पाठेघरको मुखको क्यान्सर मुख्य गरेर एच.पि.भी. भाईरसको संक्रमणबाट हुन्छ । यो रोगबाट नेपालमा प्रत्येक दिन ४ जना महिलाको मृत्यु हुन्छ भने विभिन्न क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर महिलाको मृत्युको पहिलो कारण बनेको छ ।

**एच.पि.भी.खोपको महत्व :**

खोप निःशुल्क पाइन्छ । खोप सुरक्षित छ । खोपले जीवन रक्षा गर्दछ । खोप ठुलो जनसमुहलाई सुरक्षित गर्ने साधन हो । अहिले एच.पि.भी. खोप १४४ देशको राष्ट्रिय खोप तालिकामा समावेश गरी किशोरीहरुलाई दिदैं आइरहेको छ । त्यसैले यसको प्रभावकारिता शतप्रतिशतसम्म रहेको विभिन्न अध्ययनले देखाएको छ ।

कक्षा ६ मा अध्ययनरत सबै छात्राहरु र विद्यालय नजाने १० वर्ष उमेर समुहका किशोरीहरुलाई र गत वर्ष एचपिभी अभियानमा छुटेका हाल कक्षा ७ देखि १० सम्म अध्ययनरत छात्रा तथा विद्यालय बाहिर रहेका ११ देखि १४ वर्ष उमेरका किशोरीहरुलाई पनि मुख्यतः विद्यालय केन्द्रित खोप केन्द्रबाट एच.पि.भी. खोप दिइदैंछ । पाठेघरको मुखको क्यान्सरलाई जनस्वास्थ्यको समस्याको रुपमा नरहने अवस्थामा पुऱ्याउन नेपाल सरकारले सन् २०३० सम्म तिन वटा स्वास्थ्य सेवाका गन्तव्य निर्धारण गरेको छ ।

१. १० देखि १४ वर्ष उमेरभित्रका किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप दिने ।

२. ३० देखि ४९ वर्ष उमेरका महिलाहरुको पाठेघरको मुखको क्यान्सरको परीक्षण (स्क्रिनिङ्ग)गर्ने ।

३. पाठेघरको मुखको क्यान्सर निदान भएका महिलाहरुको उपचार गर्ने ।

एच.पि.भी. खोप खभियान २०८२ देशैभरी एकै साथ सञ्चालन हुने भएपनि विभिन्न स्थानीय तह अनुसार मिति र समय फरक फरक हुने भएकाले आफुलाई पायक पर्ने टोलका विद्यालयमा कहिले चल्दै छ भनेर स्वास्थ्यकर्मी, सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविका, विद्यालय नर्स, विद्यालयका शिक्षक, जनप्रतिनिधि र अन्य सरोकारवालाहरुलाई सोधेर जानाकारी लिऔं। तर अभियानमा कोही नछुटौं ।

यो खोप एक मात्रा लगाए पुग्छ । किशोरीहरु महिनावारी भएको बेला पनि यो खोप लगाउन मिल्छ । यसले नियमित हुने महिनावारीलाई कुनै असर गर्दैन। खोप लगाउदैमा महिनावारी छिटो शुरु हुने वा ढिला हुने केही हुँदैन । त्यसैले एच.पि.भी. खोप अभियान चलेको बेलामा केही कारण देखाएर कोही नछुटौं । कोही नदाहोरिऔं ।

सरकारबाट अभियानको रुपमा निःशुल्क वितरण गरिएका सबै महत्वपूर्ण खोपहरुलाई प्रत्येक बालबालिकाका अभिभावक, स्वास्थ्यका सम्पूर्ण सरोकारवालाहरु, राज्यका तिनै तहका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, प्रशासनलगायत सबैको आ-आफ्नो तहबाट सहयोग र सहकार्यता रहेमा मात्र राज्यको यो महत्वपूर्ण कार्यको सार्थकता रहन्छ । सबैले मिलेर यो अभियान सफल पारौं र आफ्ना बालिकाहरुलाई घातक रोगबाट बचाऔं ।

(भोजराज पोखेल स्वास्थ्य शिक्षा अधिकारी तथा स्वास्थ्यकर्मी हुन् ।)

# नेपालगञ्जमा विद्युतीय ट्याक्सी ‘ई–ड्राइभ नेपाल’को सेवा शुभारम्भ



जानकी (बाँके) । लुम्बिनी प्रदेशमै पहिलो अनलाइन माध्यमबाट सञ्चालन हुने ट्याक्सी तथा मोटरसाइकल सेवा ‘ई-ड्राइभ नेपाल’ले शनिबारदेखि नेपालगञ्जमा औपचारिक रूपमा आफ्नो सेवा शुभारम्भ गरेको छ । नेपालगञ्ज उपमहानगरपालिकाका नगरप्रमुख प्रशान्त विष्टले उक्त सेवाको शुभारम्भ गरेका हुन् । उक्त सेवादेखि बाँके र बर्दियामा सुरु भएको हो ।

सो अवसरमा नगरप्रमुख विष्टले भने-“प्रविधिमैत्री यस्ता सेवाले शहरको यातायात सेवालाई सहज बनाउनुका साथै नागरिकलाई सुरक्षित र भरपर्दो सेवा उपलब्ध गराउने विश्वास छ ।” नेपालगञ्जमा सुरु गरिएको विद्युतीय ट्याक्सी सेवाले आफ्नै देशमा काम गर्ने वातावरण सिर्जना गरेको उनले बताए ।

अठार महिना अघि बुटवल-भैरहवा क्षेत्रबाट सुरु गरिएको ई-ड्राइभ सेवा अब बाँकेको प्रमुख शहर नेपालगञ्जमा विस्तार गरिएको ई-ड्राइभ लुम्बिनीका निर्देशक विजय भण्डारीले जानकारी दिए । उनका अनुसार शनिबारदेखि बाँके र बर्दियामा एकसाथ ई-ड्राइभ नेपालको सेवा विस्तार भएको छ ।

निर्देशक भण्डारीले भने-“समयअनुसार सेवा प्रणाली प्रविधियुक्त डिजिटल बन्दै गइरहेको सन्दर्भमा ट्याक्सी सेवालाई पनि प्रविधिसँग जोडेर अनलाइन माध्यमबाट सुरक्षित, सहज र सुलभ सेवा प्रदान गर्ने उद्देश्यले नेपालगञ्जमा सेवा सञ्चालनमा ल्याएका हौं ।”

कार्यक्रममा ई-ड्राइभ लुम्बिनीका अध्यक्ष राजकुमार गुप्ताले युवायुवतीलाई स्वदेशमै स्वरोजगार बनाउने र रोजगारी सिर्जना गर्ने लक्ष्यसहित यो सेवा सुरु गरिएको बताए । उनले भने-“युवालाई विदेश जान बाध्य पार्नुको सट्टा स्वदेशमै रोजगारी सिर्जना गर्ने हाम्रो उद्देश्य हो । आगामी दिनमा ई-ड्राइभ सेवालाई देशभर विस्तार गर्ने योजना बनाएका छौं ।”

हाल ई-ड्राइभ लुम्बिनीले रु सात करोडभन्दा बढी लगानी गरेको छ । हाल रुपन्देहीमा एक सय १० ट्याक्सी तथा पाँच सयभन्दा बढी मोटरसाइकल चालकमार्फत् सेवा दिँदै आएको ई-ड्राइभले नेपालगञ्जमा प्रारम्भिक चरणमा १५ विद्युतीय ट्याक्सीमार्फत् सेवा सुरु गरेको ई-ड्राइभ लुम्बिनीका निर्देशक भण्डारीले बताए ।

# ‘गाउँमै बस्ने वातावरण बनाइदिने नेतालाई भोट’



ढोरपाटन (बागलुङ) । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिएसँगै उम्मेदवारलाई मतादाता रिझाउन भ्याइनभ्याइ छ । बिहानैदेखि साँझसम्म मतदाताका घरदैलो र बारीमै पुगेर उम्मेदवारले मत मागी रहेका छन् । पटकपटक आश्वासन मात्रै पाएका मतदाताले यसपाली एजेण्डा र प्रतिबद्धता खोज्न थालेका छन् ।

काठेखोला गाउँपालिका-६ का कृष्णप्रसाद सापकोटाले किसानको उत्पादनलाई बजारीकरणको प्रबन्ध मिलाउन सक्ने नेतालाई भोट दिने बताए । हरेक वर्ष दशौं लाखको तरकारी र फलफूल उत्पादन गर्न भए पनि बजारको अभावमा उचित मूल्य पाउन नसकेको उनको गुनासो छ । आफू विसं २०४८ देखि निरन्तर मतदानमा सहभागी हुँदै आएको सुनाउँदै अहिलेसम्म किसानका माग पूरा गर्ने नेता पाउन नसकेको कँडेलले बताए ।

कँडेलले भने-“पहिले-पहिले घरको काम छोडेर नेतालाई जिताउनुपर्छ भनेर हिँडियो, उनीहरूले चुनाव जितेर सांसद मन्त्री भए, हाम्रो समस्या जहाँको त्यही रहे, अहिले त किसानका काम गर्नु भन्नेलाई मात्रै मत दिने हो, पहिलेको जस्तो झुटा कुरा पत्याएर पछि हिड्न छोडियो, हाम्रा समस्या धेरै छन्, समयमा बीउ, मल पाइँदैन, उत्पादन गरेको वस्तुले मूल्य पाउँदैनन् ।”

बरेङ गाउँपालिका- १ का तमबहादुर थापाले गाउँको बसाँइसरा रोकेर उद्यमसँग जोड्न सक्ने उम्मेदवारलाई जिताउनु पर्ने बताए । बसाइँसराइले हरेक वर्ष गाउँबाट बजार झर्नेको संख्या बढ्दै गएको भन्दै यसलाई रोक्न कुनै नेताको ध्यान नगएको उनको भनाइ छ । गाउँमै कृषि, उद्यम गर्छ भन्ने किसान र युवालाई प्रोत्सान नहुँदा विदेश पलायन र बसाइँसराइ हुने गरेको थापा बताउँछन् ।

“हामी गाउँका किसानले नेताबाट ठूलो अपेक्षा भैन, हामीहरूलाई गाउँमै बस्ने र उद्यम गर्ने वातावरण मिलाइ दिए हुन्छ, काम गरेर जीविका चलाउने कर्तव्य हाम्रो हो”, थापाले भने-“अघिल्लो चुनावहरूमा नेताको चिल्ला कुरा धेरै सुनियो, अब हामीहरूलाई प्रतिबद्धता चाहिन्छ, हामी गाउँमै बस्न चाहन्छौं, यहीं केही गर्न चाहन्छौं, त्यो वातावरण तयार बनाइ दिने नेताको खाँचो छ ।”

बागलुङमा सबैभन्दा बढी बसाइँसराइ हुने पालिका जैमिनी हो । जैमिनीबाट हरेक वर्ष बसाइँसराइ गर्नेको संख्या ठूलो छ । गाउँमा लघु उद्यम, कृषि र राम्रो शिक्षाको सुविधा दिलाउन सक्ने उम्मेदवारलाई भोट दिने स्थानीय तोषिका विकले बताइन् । हुने खानेहरू सबै बजार झरि सकेको सुनाउँदै अहिले गाउँमा सामान्य परिवार मात्रै रहेको उनको भनाइ छ ।

# एघार हतियार बुझाइयो



चितवन । जिल्लामा अनुमति लिएर राखिएका ११ हतियार मात्रै स्थानीय प्रशासनलाई फिर्ता गरिएको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै स्थानीय प्रशासनले हतियार बुझाउन आग्रह गरे पनि अनुमति लिएका हतियार अपेक्षाकृत रुपमा बुझाइएको छैन ।

चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालका अनुसार जिल्लामा १४१ जनाले हतियार राख्न अनुमति लिएका छन् । स्थानीय प्रशासनले प्रतिनिधिसभा सदस्य निर्वाचनलाई निष्पक्ष, स्वच्छ, शान्तिपूर्ण र विश्वसनीय बनाउन अनुमति लिएर राखिएका हतियार बुझाउन गत माघ ६ गते सूचना प्रकाशित गरेको थियो । पन्ध्र दिनभित्र हतियार बुझाउन भनिए पनि सो अवधि सकिँदासमेत सम्पूर्ण हतियार फिर्ता गरिएको छैन ।

“हतियार राख्ने अनुमति लिएर जिल्ला बाहिर राखिएको पनि हुन सक्छ, अन्य जिल्लामा बुझाइएको तथ्याङ्क आउने क्रम जारी छ ।”- प्रजिअ अर्यालले भने । उनका अनुसार बैंकिङ क्षेत्रमा रहेका हतियार बैंकको सुरक्षाका लागि राखिने हुँदा ती हतियार फर्ता गर्नुपर्दैन । अन्यको हकमा अनुमति लिएर राखिएका हतियार निर्वाचनको समयमा फिर्ता गरी निर्वाचनपछि पुनः लिन मिल्ने व्यवस्था मिलाइएको उनले जानकारी दिए ।

# खजुरा गाउँपालिकामा कानुन निर्माणले सेवा प्रवाहमा सहज

राँझा (बाँके) । बाँकेको खजुरा गाउँपालिकाले नयाँ कानुन बनाएर जनतालाई दिनुपर्ने सेवा प्रवाहलाई सहज बनाएको छ ।

कानुनको अभावमा सेवा प्रवाह गर्दा भोग्नुपरेका अप्ठेरा, समस्या तथा विषयको गम्भीरतालाई मध्यनजर गर्दै स्थानीय सरकारबाट हुने कार्य सम्पादन सहजताका लागि खजुराले कानुन निर्माण गरिरहेको गाउँपालिकाका अध्यक्ष डम्बर विकले बताए ।

उनका अनुसार, गाउँपालिकाबाट प्रवाह हुने सेवा, सुविधा तथा योजनाको समयमै सम्पादन तथा पूर्णता दिन प्रदेश तथा केन्द्रीय कानुनको भरमा काम गर्दा भोग्नुपरेको जटिलतालाई मध्यनजर गर्दै आफ्नै कानुन निर्माणकार्य सम्पादन गर्नुको विकल्प नरहेकाले कानुन निर्माणलाई प्राथमिकता दिइएको हो ।

“विषयगत क्षेत्रका कानुन बनेसँगै कार्यसम्पादनमा सहजता आएको छ”, अध्यक्ष विकले भने-“नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्ड निर्माण गर्दा गाउँपालिकामा रहेका विषयगत समिति र सरोकारवालासँग व्यापक छलफल गरी अन्तिम रूप दिने गरेका छौं ।”

विषयगत समितिले आ-आफ्नो क्षेत्राधिकारभित्रका विषयमा छलफल गरी कानुन निर्माणमा सघाउने गर्दछन् । कानुन निर्माण पहिलो अनुभव भएकाले सुरुमा काम गर्न गाहो भएको उनको भनाइ छ । उनले बाँकी कानुन प्राथमिकताका आधारमा निर्माण गर्दै जाने बताए ।

संविधानले स्थानीय तहलाई दिएको अधिकार क्षेत्रअन्तर्गत नगरपालिका र गाउँपालिकाले २८ वटा ऐन बनाउनुपर्ने हुन्छ । स्थानीय सरकार कार्य सञ्चालन ऐन २०७४ अनुसार ऐनको मस्यौदा गाउँ/नगरसभाबाट पारित गरेपछि यसले कानुनी वैद्यता पाउने खजुरा गाउँपालिकाका उपाध्यक्ष मञ्जु मल्ल बताउँछिन् । प्रदेश र सङ्घीय सरकारले केही अत्यावश्यक कानुन निर्माणमा ढिलाइ गर्दा त्यसको असर स्थानीय तहमा पनि परेको उनको बुझाइ छ ।

गाउँपालिकाले हालसम्म १४ वटा ऐन, दुई वटा नियमावली, चार वटा नीति/निर्देशिका, सात वटा कार्यविधि र एक वटा विधेयक गरी २८ वटा कानुन निर्माण गरिसकेको छ । थप आवश्यकतालाई मध्यनजर गर्दै केही कानुनको मस्यौदा तयार गरेको र केहीको तयारी गरिरहेको न्यायिक समितिकी संयोजक रहेकी उपाध्यक्ष मल्ल बताउँछिन् ।

गाउँपालिकाको आठ वटै वडामा मेलमिलाप केन्द्र स्थापना गरी ती केन्द्रबाट समुदायमा हुने गरेका विवाद समाधान र मेलमिलाप गराउने गरेको उपाध्यक्ष मल्लको भनाइ छ । उनका अनुसार मेलमिलाप केन्द्रमा विशेषगरी लेनदेन घरेलु हिंसालगायतका निवेदन आउने गरेका छन् । यस्ता निवेदनउपर सम्बन्धित वडाको मेलमिलाप केन्द्रबाट समाधान खोजिन्छ । त्यहाँ समाधान हुन नसकेका मेलमिलाप तथा विवाद पालिका तहको न्यायीक समितिमा आउने गर्छन् ।

खजुरा गाउँपालिका-६ का वडाध्यक्ष फारुक शेखले कानुन अभावमा अब गाउँपालिकाले प्रशासनीकलगायतका झमेला ब्यहोर्नुपर्ने अवस्था नरहेको बताउनुभयो । गाउँपालिकाले आवश्यक पर्ने कानुन निर्माण गरेसँगै स्थानीय सरकारका जनप्रतिनिधि र प्रशासनको जिम्मेवारी र उत्तरदायित्व स्पष्ट भएको छ ।

**रास्वपा...**

पत्रकारको प्रश्न थियो–‘सुशासनको कुरा गर्ने तपाईंका नेता बालेन साहले विवादित व्यापारी कमल किशोर मालपानीको गाडी प्रयोग गरेको विषयमा तपाईंको धारणा के छ ? के यो सुशासनकै पाटो हो ?

अर्को प्रश्न थियो– ‘यसअघि प्रदेशसभा सदस्य र राष्ट्रिय सभाका उम्मेदवारलाई भोट नहाल्ने र मेयर हुँदा संघीयताको विरोध गर्ने साहले अहिले झापा र जनकपुर पुगेर सङ्घीयता बलियो बनाउनुपर्छ भन्नु कतिपयको नजरमा अवसरवाद देखिन्छ । यसमा पार्टीको आधिकारिक धारणा के हो ?

यी प्रश्नहरू सुन्नासाथ लम्सालको अनुहारको रङ बदलियो । उनले यी गम्भीर प्रश्नहरूको पनि पार्टीको विधान हेर्नुस् वा उहाँ सुशासनकै पक्षमा हुनुहुन्छ भन्ने जस्ता टालटुले जवाफ दिएर पन्छिन खोजे । जब थप जिज्ञासाहरू आउन थाले कार्यक्रम समापनको घोषणा गरे र हतार-हतार उठेर हिंडे ।

उम्मेदवार लम्साल बाहिर निस्किएपछि त झनै माहौल गरमागरम बन्यो । कोठाभित्र अनुत्तरित रहेका पत्रकारहरूले बाहिर निस्कँदा उनीसँग थप कुरा गर्न खोजे, तर उनले अहिले बोल्न मिल्दैन भन्दै लुसुक्क पन्छिए ।

त्यही समयमा उम्मेदवारका राजनीतिक सल्लाहकार भनिएका आशिस सुवेदीले आगोमा घिउ थप्ने काम गरे । उनले उपस्थित पत्रकारहरूलाई लक्षित गर्दै भने–‘तपाईंहरू पुरानो माइन्ड सेट (सोच) बाट निर्देशित हुनुहुन्छ, त्यही भएर यस्ता प्रश्न सोधिरहनुभएको छ ।

उम्मेदवार आफैंले बोलाएर गएका आफूहरूलाई पुरानो सोचको ट्याग भिराएपछि पत्रकारहरू आक्रोशित बने । नयाँ शक्ति भनेर आएकाहरूले प्रश्नको सामना गर्न नसक्ने अनि उल्टै प्रश्न सोध्न सिकाउने ? भन्दै उम्मेदवारका पक्षधर र पत्रकारहरूबिच केही बेर भनाभन भयो ।

अन्ततः रास्वपा जिल्ला सचिवालय सदस्य तथा लम्सालका सचिवालय सदस्य मधु अर्यालले माहौललाई शान्त पार्ने प्रयास गरे । तर, जान्नेलाई छान्ने भन्ने नारा दिएर चुनावमा होमिएका उम्मेदवारहरू पनि प्रश्नबाट भाग्न खोज्नुले गहिरो आशङ्का उब्जिएको छ ।

नयाँ भनिएका दलहरूले जनताको विश्वास जित्नका लागि केवल चर्चित नामहरूको फेहरिस्त सुनाएर पुग्दैन, उनीहरूमा प्रश्नको सामना गर्ने धैर्यता र आफ्ना योजनाहरू स्पष्ट राख्ने क्षमता पनि हुन जरुरी छ ।

तर, पत्रकारहरूले सोधेका प्रश्न र जिज्ञासामा दिइएको जवाफले रास्वपाका उम्मेदवार र उनको सचिवालयको अपरिपक्वतालाई छताछुल्ल पारिदिएको छ ।

**अनुसूची–९८**
**(दफा १७७ को उपदफा (२) सँग सम्बन्धित)**

**निर्वाचन खर्चको विवरण**

श्री निर्वाचन आयोग,
काठमाडौं
श्री प्रदेश निर्वाचन कार्यालय,
लुम्बिनी प्रदेश,
दाङ जिल्ला ।

राष्ट्रिय सभा सदस्य निर्वाचन अन्तर्गत लुम्बिनी प्रदेशबाट राष्ट्रिय सभा सदस्य पदको लागि बृहस्पति अधिकारी (उम्मेदवारको नाम, थर) उम्मेदवार भएकोमा सो सम्बन्धमा मैले/निज उम्मेदवारले गरेको सम्पूर्ण खर्चको विवरण राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६५ तथा आयोगद्वारा स्वीकृत निर्वाचन आचारसंहिता बमोजिम प्रस्तुत गरेको छु । निर्वाचन खर्चको विवरण देहाय बमोजिम छ ।

| क्र.सं. | खर्चको शीर्षक | कार्य परिमाण | खर्चको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मतदाता नामावली खरिद | | १०००।- | |
| २ | सवारी साधन/घोडा | | २५०००।- | |
| ३ | सवारी इन्धन/दाना | | १०,०००।- | |
| ४ | प्रचार प्रसार समाग्री | | १०,०००।- | |
| ५ | ढुवानी | | ७०००।- | |
| ६ | गोष्ठी/कार्यकर्ता परिचालन | | ५०,०००।- | |
| ७ | अन्य प्रचार प्रसार, छापा एवं विद्युतीय माध्यम | | १३०००।- | |
| ८ | कार्यालय सञ्चालन | | ३०,०००।- | |
| ९ | प्रतिनिधि परिचाल | | २०,०००।- | |
| १० | विविध | | २०,०००।- | |
| | **कुल जम्मा** | | १,८६,०००।- | |

नाम, थरः गजेन्द्र सिंह खड्का
मितिः २०८२/१०/२२
उम्मेदवार/निर्वाचन प्रतिनिधि

**श्री शान्ति नमुना मा.वि, मणिग्राम, रुपन्देही**

**विधुतिय बोलपत्र आव्हान सम्बन्धि सूचना**

सूचना नं. १/०८२/०८३

प्रथम पटक प्रकाशित मिति २०८२।१०।२५

यस शान्ति नमुना मा. वि बाट चालु आ. ब.०८२। ०८३ का लागि स्विकृत बजेट अन्तर्गत तपसिल बमोजिमको निर्माणकार्य बोलपत्रद्धारा गराउनुपर्ने भएकोले सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक निर्माण ब्यबसायीहरुबाट निम्न शर्तको अधिनमा रही बोलपत्र पेश गर्नका लागि यो सुचना प्रकाशित गरीएको छ । सुचना प्रकाशित भएको मितिले ३१ औ दिन दिउसो १२ वजे भित्र www.bolpatra.gov.np/egp Log in गरि वोलपत्र दाखिला गरिसक्नु पर्ने छ । शर्तहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुरसार हुने छ । अन्य विस्तृत जानकारीको लागि कार्यालयमा सर्म्पक गर्नु होला ।

**तपसिल**

| सि. नं | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.ई.रकम (मु.अ.कर र पि. एस.समेत) रु. | बोलपत्र जमानत रकम रु | बोलपत्रजमानत तथा धरौटी जम्मा गर्ने बैक र खाता न | बोलपत्र दस्तुर रु. | किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | NCB/SNS/1/082/83 | श्री शान्ति नमुना मा.वि को सभाहल निर्माण कार्य, तिलोत्तमा वडा नं. ५, रुपन्देही | ९९,९९,९२५/- | २,५०,०००.०० | श्री शान्तिनमुना मा वि एन एम वि वैक, मणिग्राम शाखा खाता नं ०३४००२०८१७३०००११ | ३,००० | विधुतिय बोलपत्र |

**Malarani Rural Municipality**
Khanadaha, Arghakhanchi
Lumbini Province, Nepal

**Invitation for Bids**

Date of publication: 8th feb, 2026 (2082/10/25)

Malarani Rural Municipality, Khanadaha, Arghakhanchi invites electronic Sealed Quotations/Bids from eligible bidders for the procurement and supply of goods as mentioned below:

| IFB No. | Contract Name | Contract id | Bid Document Fee (NPR) | Bid security Amount (NPR) | Last Date for Bid Submission |
|---|---|---|---|---|---|
| 1 | Upgradation of sundar -Pokhara-Amile motorable road, Malarani-01 | MRM/W/SQ/ 2082/083/22 | 1000.00 | 21,000.00 | 23/02/2026 12:00 P.M (2082/11/11) |
| 2 | Upgradation of RatanmarePanchedhara-motorable road , Malarani-06 | MRM/W/SQ/ 2082/083/23 | 1000.00 | 30,000.00 | 23/02/2026 12:00 P.M (2082/11/11) |
| 3 | Procurement and supply of miscellaneous Devices (Destop, Laptop, Printer,inverter) for Malarani Rural Municipality) (Third notice) | MRM/G/SQ/ 2082/083/17 | 1000.00 | 37,000.00 | 23/02/2026 12:00 P.M (2082/11/11) |

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp. or www.malaranimun.gov.np. or scan the QR code for full notice

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**तालिम केन्द्र मार्तडीमा निर्वाचन प्रहरीः**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि छनोट भएका निर्वाचन प्रहरी शनिबार तालिम केन्द्र मार्तडीमा । तस्विरः प्रेम रौले/रासस

# बुटवलमा रोयल इन्फिल्डको मेगा बाइक राइड सम्पन्न



बुटल । गैरे प्रतिष्ठान बुटवलको आयोजनामा शनिबार रोयल इन्फिल्ड बाइक राइड सम्पन्न भएको छ । बुटवल-११ कालिकानगरस्थित रोयल इन्फिल्डको शोरुमबाट सरु भएको ऱ्याली राजमार्ग चौराह, पुस्पलालपार्क, नेपालगञ्ज रोड, गोलपार्क हुँदै भैरहवाबो बुद्धचोकसम्म पुगेर पुनः भलवारी आएर विशेष कार्यक्रमका बिच समापन गरिएको थियो ।

कार्यक्रमको समुद्घाटन गर्दै नेपालमा रोयल इन्फिल्ड बाइका लागि आधिकारिक आयातकर्ता अल्फा अटोमोटिभ प्रालिका मेघराज पौडेलले सामाजिक सचेतना तथा सम्बन्ध बिस्तारका लागि कार्यक्रम सहयोगी बन्ने विश्वास व्यक्त गरे । रोयल इन्फिल्डले देशका विभिन्न शहरहरुमा हरेक महिला छोटो तथा लामो दूरीका यात्रा अभियान सञ्चालन गरिरहने बताउँदै उनले यसको माध्यमबाट पर्यटनको विकास, राइडरहरुबिच व्यवसायिक तथा सामाजिक परिचय र सम्बन्ध विकासमा टेवा पुग्ने गरेको उल्लेख गरे । शनिबार आयोजना गरिएको बाइक राइडमा १९० जना सहभागी भएका थिए ।

उक्त राइडमा राइडरहरूको क्लब ह्विल्स अफ लुम्बिनी, बुटवल इन्फिल्डर्स, लुम्बिनी इन्फिल्डर्स, यलो रन्च बुटवल र ब्रदरहुड सैनामैनालगायतका क्लबहरूको सहभागिता रहेको गैरे प्रतिष्ठानका म्यानेजिङ डिरेक्टर प्रवशे गैरेले जानकारी गराए । रोयल इन्फिल्डका नेपालका लागि ब्राण्ड एम्बास्डर सन्दिप क्षेत्री, अल्फा अटोमोटिभ प्रालिका मेघराज पौडेल, राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका प्रहरी नायव उपरीक्षक दिपेश बस्याल, गैरे प्रतिष्ठानका सञ्चालक प्रेम गैरेलगायतले संयुक्त रुपमा फ्लेग राइज गरेर कार्यक्रमको सुरुवात गरेका थिए । सो अवसरमा राइडरहरुलाई ट्राफिक प्रहरीले सचेतनासम्बन्धी जानकारी समेत दिएको थियो ।

# रूपन्देहीका पाँचै क्षेत्रमा एमाले उम्मेदारको चुनावी अभियान तीव्र

बुटवल । नेकपा एमालेले रुपन्देहीका ५ वटै निर्वाचन क्षेत्रमा चुनावी अभियानलाई तीव्र बनाएको छ । सो पार्टीका केन्द्रीय उपाध्यक्ष विष्णुप्रसाद पौडेल क्षेत्र नं. २, केन्द्रीय नेताहरु दधिराम न्यौपाने क्षेत्र नं. १, खिमलाल भट्टराई क्षेत्र नं. ५, प्रभावशाली नेताहरु बासुदेव घिमिरे क्षेत्र नं. ३ र प्रमोद यादव क्षेत्र नं. ४ बाट चुनावी मैदानमा पार्टी र आफ्ना योजनासहित पुगेका छन् । हरेक क्षेत्रमा अधिकांश वडा तहका निर्वाचन कार्यालय सञ्चालन, विभिन्न भातृसंगठनको भेला, विभिन्न जिल्लामा रहेका सम्पर्क कमिटीहरुको भेला सकेर उनीहरु आन्तरिक तयारीमा लागेका हुन् । सबै क्षेत्रहरुमा निर्वाचन परिचालन कमिटी बनाएर काममा खटाइएको र दैनिक ती कमिटीको योजनामै अब निर्वाचनको पूर्ण तयारीमा लागेको अध्यक्ष यज्ञ गैरे बताउँछन् ।

सबैभन्दा धेरै पार्टी सदस्यहरु र नेताहरु रहेको रुपन्देही २ मा पूर्वअर्थमन्त्री रहेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले प्रचार अभियानलाई तीव्र बनाएका छन् । शनिबार मात्रै यो क्षेत्रमा पर्ने सैनामैना नगरपालिकाका वडा नं १,२, ३ र ४ को प्रचार कार्यालय उद्घाटन गरेर सो क्षेत्रमा आफ्नो प्रचार अभियानलाई तीव्र बनाएका छन् । सो अवसरमा बोल्दै पौडेलले अल्पकालीन र दीर्घकालीन विकासका वृहत् योजनाका साथ मैदानमा आएको बताए ।

उनले अब भौतिक विकाससँगै मानवीय विकास गर्ने र रोजगारीका योजना अघि सार्ने मुख्य लक्ष्य रहेको बताए । उनले विकासको नमूना बनाउने केही योजना पूरा भएको, केही कार्यान्वयनको चरणमा रहेको र केही नयाँ योजना अघि बढेको भन्दै पार्टीका एजेण्डालाई अघि सारेर जान कार्यकर्तालाई अनुरोध गरे । नेता पौडेलले कोही कसैले छरेका भ्रमहरु चिर्न कार्यकर्ताले आफ्नो टोलबाटै जिम्मेवारी लिएर प्रष्ट पार्नुपर्ने जनतार्लाइ वास्तविक कुराहरु राख्नुपर्ने जनाएका थिए । शनिबारै उनले बौद्ध धर्मावलम्बीहरुको कार्यक्रममा सरिक भएका विभिन्न क्षेत्रमा रहेका पार्टी कार्यकर्तासँग भेटघाट गरेका थिए ।

नेकपा एमालेले आसन्न प्रतिनिधिसभा निर्वाचन लक्षित गर्दै रुपन्देही क्षेत्र नं. ३ मा चुनावी अभियानलाई तीव्र बनाएको छ । सोही क्रममा शनिबार भैरहवामा आयोजित युवा विद्यार्थी भेलालाई सम्बोधन गर्दै पार्टीका केन्द्रीय सदस्य तथा युवा नेतृ शिवकुमारी चौधरीले मुलुकको समृद्धि र स्थायित्वका लागि सक्षम नेतृत्व आवश्यक रहेको बताइन् ।

उनले युवाहरु परिवर्तनका संवाहक भएकाले सही नेतृत्व चयनमा युवाको भूमिका निर्णायक हुने धारणा राख्दै एमालेले अघि सारेका विकास र सुशासनका एजेन्डाले मात्र देशलाई सही दिशामा लैजान सक्ने बताइन् ।

कार्यक्रममा एमालेका रुपन्देही क्षेत्र नं. ३ का उम्मेदवार बासुदेव घिमिरेले आफूले विगतमा निर्वाह गरेको जिम्मेवारी र अनुभवका आधारमा क्षेत्र नं. ३ को समग्र विकासलाई तीव्रता दिने प्रतिबद्धता व्यक्त गरे । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्दै रुपन्देही-३ लाई शिक्षा, स्वास्थ्य, पूर्वाधार र रोजगारीका क्षेत्रमा नमूना क्षेत्र बनाउने विषयमा आफ्नो प्राथमिकता रहेको उल्लेख गर्दै नेता घिमिरेले युवाको क्षमता र ऊर्जा राष्ट्र निर्माणको प्रमुख आधार भएको स्पष्ट पारे ।

वक्ताहरुले बासुदेव घिमिरे अनुभवी, काम गर्न सक्ने र जनताको बिचमा स्थापित नेता भएकाले उनलाई विजयी गराउन युवाहरु अग्रसर हुनुपर्ने धारणा राख्दै विकास, रोजगारी र गुणस्तरीय शिक्षाका मुद्दालाई पार्टीले प्राथमिकतामा राख्नुपर्ने सुझाव दिएका थिए । कार्यक्रममा पार्टीका सिद्धार्थनगर अध्यक्ष चक्र थापा, पार्टी जिल्ला सदस्य लक्ष्मी केसी, कृष्ण मल्ल ठकुरीलगायतले धारणा राखेका थिए ।

रुपन्देहीको क्षेत्र नं १ मा पनि उसैगरी चुनावी अभियान तीव्र बनाइएको छ । नेकपा एमालेले चुनावी अभियानअन्तर्गत तिलोत्तमा नगरपालिका-१२ मा निर्वाचन परिचालन सम्पर्क कार्यालयको उद्घाटन गरेको छ ।

सम्पर्क कार्यालयको उद्घाटन गर्दै रुपन्देही क्षेत्र नम्बर १ का प्रतिनिधिसभा उम्मेदवार दधिराम न्यौपानेले देशको समग्र विकास र जनताको आवश्यकताहरू पूरा गर्न सक्ने पार्टी नेकपा एमाले मात्रै भएको बताए । साथै, सुकुम्बासी समस्या समाधानका लागि देवदह नगरपालिकाबाट लालपुर्जा वितरणको सुरुआत गरिएको र बाँकी कामहरू पनि एमालेकै नेतृत्वमा सम्पन्न हुने बताए ।

उद्घाटन कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सचिव छबिलाल विश्वकर्माले आफू संसदमा रहँदा रुपन्देही क्षेत्र नम्बर १ मा विकासका कामहरू तीव्र रूपमा अघि बढेको स्मरण गरे ।

सरकार परिवर्तनका कारण केही योजनाहरू अधुरा रहे पनि एमाले पुनः सरकारमा आए ती सबै काम पूरा गरिने उनको भनाइ थियो । उनले एमालेको नेतृत्वमा विकास र स्थायित्व सुनिश्चित हुने दाबी गरे ।

कार्यक्रममा एमाले रुपन्देही अध्यक्ष यज्ञ गैरेले नयाँ भनिएका दलहरूसँग जनताको पक्षमा ठोस योजना नभएको आरोप लगाए । त्यसैगरी, नेकपा एमाले तिलोत्तमा-१२ निर्वाचन परिचालन समितिका संयोजक यादव अर्यालले बजारमा जति नै हल्ला भए पनि अन्ततः जित एमालेकै हुने दाबी गरे ।

नेकपा एमाले तिलोत्तमा-१२ का पूर्वअध्यक्ष डीबी भण्डारीको स्वागतमा आयोजित कार्यक्रमको सञ्चालन कार्यवाहक सचिव नागेश्वर यादवले गरेका थिए ।

यसैगरी क्षेत्र नं. ५ मा केन्द्रीय सदस्य खिमलाल भट्टराई र ४ मा नेता प्रमोद यादवले आफ्नो अभियानलाई तीव्र बनाएका छन् । विभिन्न वडामा प्रचार कार्यालय उद्घाटनसँगै प्रचार अभियानमा लागेका छन् ।

# ब्रिटिस ग्रामर स्कुलमा क्रियटिभ फेस्ट




तिलोत्तमा । ब्रिटिस एजुकेसन ग्रुपको व्यवस्थापनमा सञ्चालित ब्रिटिस ग्रामर स्कुल रुपन्देहीमा चौथो क्रियटिभ फेस्ट सम्पन्न भएको छ । फेस्टको उद्घाटन गर्दै जिल्ला शिक्षा समन्वय इकाइ रूपन्देहीका प्रमुख विष्णुप्रसाद पन्थीले विद्यालयले सञ्चालन गर्ने यस्ता कार्यक्रमले विद्यार्थीमा सिर्जनशीलता, नेतृत्व क्षमता र व्यक्तित्व विकास हुने, आत्मबल बढ्ने, इनोभेसन गर्न सिकाउने, आफूले आफैँलाई चिन्न सघाउने धारण व्यक्त गरे ।

विश्वव्यापीकरणको जमानामा किताबी ज्ञानभन्दा पनि बाहिर जीवन र शिक्षा छ भन्ने यस्ता कार्यक्रमले सिकाएकाले अन्य विद्यालयले सिको गर्नुपर्ने विचार व्यक्त गरे ।

विद्यार्थीको पूर्ण नेतृत्व र सहभागितामा सम्पन भएको फेस्टमा विद्यार्थीले लाइभ गीत, नृत्य, आफूले लेखेका पुस्तकको प्रदर्शनी, बनाएका कलात्मक चित्रलगायतका पेन्टिङ, बृहत् मार्केट, शैक्षिक कार्यशाला, रोबोटिक, लट्री, आर्केट, क्याफे, हन्टेड हाउससहितका आफ्ना मौलिक सृजना प्रस्तुत गर्नुका साथै बजारमा बिक्री गरेका थिए ।

फेस्टमा कक्षा पिजीदेखि १२ सम्मका ५५० विद्यार्थी र एक हजारभन्दा बढी दर्शक अभिभावक सहभागी थिए । विद्यालयकी निर्देशक पुष्पा कँडेलले विद्यार्थीको सर्वाङ्गीण विकास, नयाँ सोंच र चिन्तनको विकास गर्दै पढाइलाई उत्साहित बनाउने उद्देश्यले आयोजना गरिएको यो कार्यक्रम मोफसलका विद्यालयको पृथक र सफल कार्यक्रम रहेको बताइन ।

कक्षा ११ र १२ पढ्ने विद्यार्थीको नेतृत्व, विद्यालय तहका विद्यार्थीको सक्रियता र शिक्षकहरुको सहजीकरणमा सम्पन्न फेस्ट्मा विद्यालयका संस्थापक प्राचार्य राजेन्द्र कुँवर, सह-प्राचार्य महेश पौडेल क्षेत्री, उमेश कंडेलले शुभकामना मन्तव्य राखेका थिए । विद्यार्थी अदनान शेखको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमलाई ४० भन्दा बढी विद्यार्थीले क्रमिक रूपमा सञ्चालन गरेका थिए ।

# सिद्धार्थ कटेजले मोमो महोत्सव गर्दै

बुटवल । बुटवलको सिद्धार्थ कटेजमा मोमो महोत्सव आयोजना हुने भएको छ । मोमोको प्रवर्द्धन गर्ने उद्देश्यले 'भ्यालेन्टाइन डे'को अवसरमा मोमो महोत्सव गर्न लागेको हो । शनिबार पत्रकार सम्मेलन गरी सञ्चालक तथा क्षेत्रीय प्रवन्धक महेन्द्र न्यौपानेले माघ २९ गतेदेखि फागुन २ गतेसम्म तीन दिन मोमो महोत्सव आयोजना गर्न लागिएको जानकारी दिए ।

महोत्सवमा २ सय भन्दा बढी प्रकारका मोमोका परिकारहरूको स्वाद लिन पाइने सिद्धार्थ कटेजका कुलिनरी डाइरेक्टर एलबी कौशलले जानकारी दिए । उनका अनुसार महोत्सवमा लुम्बिनी प्रदेशका मौलिक तथा परम्परागत खानाका विशेष स्टलहरू पनि राखिने छ । महोत्सवमा ग्राहकले ५० रुपैयाँदेखि ५ सय रुपैयाँसम्मको मोमोको स्वाद दिन सक्नेछन् ।

स्थानीय पहिचान झल्काउने परिकार, परम्परागत स्वाद र संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले राखिने यी स्टलहरू महोत्सवका थप आकर्षण हुने अपेक्षा गरिएको छ ।

महोत्सवमा पहिलो र दोस्रो दिन सांस्कृतिक नृत्य, लाइभ ब्याण्ड तथा कलाकारहरूको प्रस्तुति रहनेछ भने तेस्रो दिन विशेष सांगीतिक कार्यक्रम, लाइभ ब्याण्ड तथा 'मोमो मेकिङ एन्ड कुकिङ कम्पिटिसन' र 'मोमो इटिङ कम्पिटिसन' आयोजना गरिने सिद्धार्थ कटेजका अपरेसन म्यानेजर पदम न्यौपानेले जानकारी दिए ।

सिद्धार्थ हस्पिटालिटीले यसअघि नेपालगञ्ज र धनगढीमा मोमो महोत्सव आयोजना गरिसकेको छ भने हस्पिटालिटीको पाँचौँ संस्करण तथा सिद्धार्थ कटेज बुटवलमा पहिलो पटक मोमो महोत्सव आयोजना हुन लागेको लागेको हो ।

सिद्धार्थ समूह २८ वर्षअघि कैलाली, टिकापुरबाट सुरु भएर देशव्यापी रुपमा हालसम्म होटल, रिसोर्ट, रेस्टुरेण्ट तथा क्याफे गरी ३३ वटा आउटलेटमार्फत् गुणस्तरीय सेवा प्रदान गर्दै आएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# नेकपाको ३०१ सदस्यीय युवा परिचालन समिति




बुटवल । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै नेपाली कम्युनिष्ट पार्टी (नेकपा) रुपन्देहीले क्षेत्र नं. २ मा कृष्णबहादुर थापाको संयोजकत्वमा ३ सय १ सदस्यीय युवा परिचालन समिति गठन गरेको छ ।

शनिबार बुटवलमा सम्पन्न भेलाले समितिको सह-संयोजकहरुमा प्रकाश परियार, सिर्जन थापा, धनसिंह खाम्चा र गोबिन्द खरेललाई चयन गरेको छ ।

रूपन्देहीको बुटवल उप-महानगरपालिकाका १३ वडा, कतिलोत्तमाका ६ वडा र सैनामैनाका ४ वडामा नेतृत्वमा रहेका युवाहरुलाई परिचालन समितिमा राखिएको नेकपाले जनाएको छ ।

निर्वाचनको मिति नजिकिँदै जाँदा निर्वाचन बिथोल्ने गतिविधि र आम मतदातालाई अनेक प्रलोभन देखाएर प्रभावित पार्ने अवस्थालाई न्यून गर्न युवाहरुले भूमिका खेल्ने संयोजक कृष्ण थापाले बताए ।

उनका अनुसार युवा परिचालन समितिले आफ्ना उम्मेदवारलाई विजयी बनाउन मतदाता शिक्षा र चुनाव चिन्हका बारेमा समेत जनतालाई जागरुक बनाउन भूमिका खेल्नेछ ।

युवा परिचालन समिति भेलामा बोल्दै नेकपा रुपन्देही क्षेत्र नं. २ का नेकपाका उम्मेदवार तथा युवा नेता सुवास पाण्डे 'विश्वदीप'ले चुनाव जितेपछि नीतिगत कामका लागि संसदमा आवाज उठाउँदै युवाहरुलाई स्वरोजगार बनाउन आफूले महत्वपूर्ण पहलकदमी लिने प्रतिबद्धता व्यक्त गरे ।

उम्मेदवार पाण्डेले रुपन्देहीको विकासका साथै समग्र लुम्बिनी प्रदेशको विकासमा आफूले नेतृत्व गर्न चाहेको उल्लेख गर्दै पार्टीका शीर्षथ नेताहरुसँगको सहकार्यबाट प्राप्त अनुभवलाई जनताको हितमा प्रयोग गरिने बताए ।

युवाहरुले उठाएका विभिन्न जिज्ञाषाहरुको जवाफ दिँदै उनले आफू विजयीपछि जेनजी आन्दोलनको मर्म र भावनाअनुसार कुनै राजनीतिक पूर्वाग्रहबिना जनताको सेवामा हरदम खटिने प्रतिबद्धता व्यक्त गरे ।

युवा नेता पाण्डेले आफू सधैँ जनताको सुख र दुःखको साथि बन्न चाहेको उल्लेख गर्दै आगामी दिनमा जस्तोसुकै कठिन अवस्थामा पनि जनताको साथमा रहने जिकिर गरे ।

कार्यक्रममा बोल्दै नेकपाका केन्द्रीय सदस्य एवं रुपन्देही क्षेत्र नं. २ निर्वाचन परिचालन समितिका संयोजक नारायण जी.सी. 'निर्मल'ले आफ्नो पार्टीको उम्मेदवार विचारमा प्रतिबद्ध, भ्रष्टचारमा कुनै दाग नलागेको निष्कलंक रहेको र विकासको स्पष्ट खाका लिएर चुनावमा होमिएकाले तारा चिन्हमा मतदान गरेर विजयी बनाउन आम मतदातालाई आग्रह गरे ।

नयाँ भनिने दलहरुले जेनजी आन्दोलनले उठाएका मागहरु जायज छन् भन्न नसकेको उल्लेख गर्दै उनले जेनजी आन्दोलनको हुर्मत लिनेहरुलाई बेलैमा चिनेर जनताले मतदानबाट जवाफ दिनुपर्ने बताए ।

युवा परिचालन समितिका संयोजक कृष्णबहादुर थापाको अध्यक्षतामा सम्पन्न भेलामा नेकपाका नेता एवं निर्देशक समितिका संयोजक राम परियार, प्रकाश परियारलगायतले आ-आफ्नो धारणा राखेका थिए ।




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com